# आर्थिक वर्ष ०७७/०७८को
# नीति, तथा कार्यक्रम

बडिगाड गाउँपालिका
बागलुङ जिल्ला
गण्डकी प्रदेश, नेपाल
२०७७

बडिगाड गाउँपालिकाको सातौं गाउँ सभामा २०७७ अषाढ १० गतेका दिन
गाउँपालिका अध्यक्ष श्री मेहरसिंह पाईजा द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

बडिगाड गाउँपालिका
ग्वालिचौर बागलुङ
२०७७

सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरु,

सम्मानित सातौ गाउँ सभा समक्ष बडिगाड गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को लागि नीति तथा कार्यक्रम प्रस्तुत  गर्न पाउँदा अत्यन्तै गौरव महसुस गरेको छु।

केन्द्रिकृत,एकात्मक, निरंकुश, सामन्ति, तानाशाही शासन ब्यबस्थाको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रात्मक समाजबाद उन्मुख शासन व्यवस्था स्थापना गर्न तथा राष्ट्रियता, स्वाधिनता र सार्वभौमिकताको रक्षाका लागी भएका आन्दोलनमा जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदरु प्रति भावपुर्ण श्रदान्जली अर्पण गर्दछु साथै शहिद, बेपत्ता तथा घाईते परिवार प्रति उच्च सम्मान ब्याक्त गर्दछु।

विश्वभर महामारीको रुपमा फैलिएको नोभेल कोरोना भाईरस (कोभिड-१९) रोगको प्रकोपबाट हाम्रो देश नेपाल र हाम्रो गाउँपालिका समेत अछुतो रहेन। आजको दिन सम्म नेपालमा  १००९९ जना कोभिड-१९ रोगबाट  संक्रमित पुस्ति भईसकेको र  २४ जना मृत्यु भईसकेको छ। बडिगाड गाउँपालिकामा हाल सम्म जना ४५१ क्वरेन्टाईनमा राखी३५८ जनाको PCR र २६३ जनाको RDT माध्यबाट परीक्षण गरीकोमा २२ जनामा संक्रमण पुस्ति भई बागलुङ्ग स्थित आईसोलेसनमा राखिएको मध्ये ११ जना निको भई घर फर्कि सक्नु भएको छ भने संक्रमण पुस्ति भएक ब्यात्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। कोभिड- १९ रोग नियन्त्रण तथा रोकथामको कार्यमा  आफ्नो ज्यानको प्रवाह नगरी अहोरात्र खटिनु हुने तथा आर्थिक भौतिक सहयोग गर्नुहुने जनप्रतिनीधिहरु, स्वास्थ्य कर्मीहरु, कर्मचारी, राजनीति कर्मीहरु, शिक्षकहरु, बुद्धिजिबी, समाजसेबी, संघ संस्थाहरुलाई हार्दिक धन्यबाद दिन चहान्छु।  तथा भारत लगायत बिभिन्न मुलुकबाट आफ्नो घरमा आउने क्रममा विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारले निर्माण गरेको मापदण्ड अनुसार क्वारेन्टाईनमा बसी रोग नियन्त्रणमा सहयोग पुर्‍याउनु हुने मानिसहरुलाई समेत धन्यबाद दिन चहान्छु। कोभिड- १९ रोगको प्रकोप घटेको नभई बढ्दै गएकोले विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले तोकेको मापदण्डलाई पालना गरी आ-आफ्नो क्रियाकलाप संचालन गर्न सभाका सम्पुर्ण सदस्य ज्यूहरु मार्फत  बडिगाड बासी सम्पुर्णमा हार्दिक अपिल गर्दछु।

मध्य पहाडि राजमार्गको पहुच भएको भएतापनि भौगोलिकरुपमा अति दुर्गम क्षेत्र  समेत रहेको यो गाउँपालिका प्राकृतिक विवधताले भरिपूर्ण रहेको यस गाउँपालिकाको प्राकृतिक श्रोतको अधिकतम प्रयोग गर्दै, दुर्गम क्षेत्रमा रहेको जनताहरुलाई समेत शिक्षा, स्वास्थ्य लगायत जनजिबिकाको हरेक क्षेत्रमा समान अवर श्रृजना गर्दै  दुर्गम क्षेत्रको विकास निर्माणलाई प्रथमिकता दिने, सबै प्रकारको विभेद, बन्चितीकरण र असमानताको अन्त्य गर्दै सामाजिक विकृति र विसंगतिको अन्त्य गर्दै समुन्नत, सभ्य र बिकास उन्मुख गाउँपालिका निर्माण गर्ने नीति अंगिकार गरीनेछ।

बिकास निर्माण हामी आफ्नै हो र हाम्रो लगि हो भन्ने भावना जागृत गरी बिकास निर्माणमा दिगोपना ल्याउन सहभागितात्मक योजना छनौट पद्दति अवलम्वन गरी निर्माण कार्यमा लागत सहभागितालाई जोड दिईनेछ। स्थानीय जनताहरुको रोजगरी श्रृजना हुने, प्रत्यक् आय आर्जन बृद्धि हुने, स्थानीय श्रोत, सिप र साधनको उपयोग हुने आयोजनाहरुलाई प्राथमिकता दिइनेछ।

**अव म चालु आ.व. ०७६/०७७ को समिक्षा गर्न चहान्छु।**

चालु आ.व. ०७६/०७७ मा संचालन हुने गरी निर्णय भएका योजनाहरुको निर्माण कार्य संचालन भईरहेको अवस्थामा विश्व भर महामारीको रुपमा फैलिएको नोभेल कोरोना भाईरस (कोभिड-१९) रोगको नियन्त्रण तथा रोकथामको लागि जारी गरिएको बन्दाबन्दीको कारण केहि असहज परिस्थिति श्रृजना भएको भए पनि आर्थिक वर्ष सुरु भएको लगत्तै योजना सम्झौता गरी निर्माण कार्यलाई अगाडि बढाईएको साथै बन्दाबन्दीको अवस्थामा पनि सामाजिक दुरी कायम गरी निर्माण कार्यलाई निरन्तरता दिईएकोले ६२.६ % निर्माण कार्य सम्पन्न भई फरफारक समेत भई सकेको छ। आर्थिक वर्षको अन्त सम्ममा करीव ७०% पूँजिगत रकम खर्च हुने अनुमान गरीएको छ। कोभिड-१९ रोगको नियन्त्रण तथा रोकथामको लागि जारी गरीएको बन्दाबन्दीको कारण समस्यामा परेको विपन्न परिवारहरु, रोजगारी गुमाएका असंगठित क्षेत्रका मजदुरहरुलाई राहत वितरण, भारत लगयत अन्य देशबाट आएका र असुरक्षित क्षेत्रबाट आएका नागरिकहरुलाई एकान्त बास ब्यबस्थापनमा भएको खर्च लगायत औषधि, ब्याक्तिगत सुरक्षा सामग्री खरीद गर्दा लागेको खर्च स्थानीय तह आफैले ब्यबस्था गर्नु परेकाले चालु तर्फको केहि कार्यक्रम र पुँजिगत तर्फको प्रस्तवित भानु क्याम्पस ब्यबस्थापन, कफिखेति लगायतको कार्यक्रम कटौती गरी खर्च ब्यबस्थापन भएको भएतापनि बिकास निर्माणमा प्रत्यक्ष असर गर्ने योजना कटौती गरीएको छैन।

स्थानीय पूर्बाधार साझेदारी बिकास कार्यक्रम, प्रदेस सरकारबाट संचालित कार्यक्रमहरु हाल निर्माणको क्रममा रहेको र निर्धारित समयमै सम्पन्न हुने देखिन्छ। गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न ठेक्काको लागि बोलपत्र आह्वान गरीएकोमा रु. पाच करोड अठार लाखमा निर्माण कार्य सम्पन्न हुने गरी माउण्ट कबिन्द्र जे.भि.सँग सम्झौता भएको र यस वर्ष प्रदेस सरकारको एक करोड रुपैयाँ, संघीय सरकारको समपुरक अनुदान बैसठ्ठी लाख र बडिगाड गाउँपालिकाको एक करोड रुपैयाँ गरी जम्मा रु. दुई करोड बैसठ्ठी लाख खर्च गर्ने गरी रकम ब्यबस्था गरीएकोमा कोभिड-१९ रोग नियन्त्रणको लागि जारी गरीएको बन्दाबन्दीको कारण निर्माण कार्य अगाडि बढाउन सकिएको छैन। यस कार्यालयको आर्थिक सहयोग र नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा बडा नं. १ ,९ र १०मा खानेपानी योजना सम्पन्न गरीएको छ।

सभाको सदस्य ज्यू , अव म आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम पेश गर्न चहान्छु।

सोचः

- "समोन्नत, स्वच्छ र सुन्दर बडिगाड"

लक्ष्यः

- सर्वाङ्गीर्ण बिकास युक्त गाउँपालिका बनाउने

उद्देश्यः

- बिकासको पुर्वाधारहरुको बिस्तार र पहुँच बस्तीस्तर सम्म बृद्धि गरी विकासको अवसरलाई सबै बडिगाड बासीहरुले उपयोग गर्ने अवस्था श्रृजना गर्ने।
- समावेसी र समन्यायिक विकासको अवधारणा मार्फत गाउँपालिका भित्रका सबै वर्ग, लिङ्ग, जातजाति, सम्प्रादायको सार्वजनिक श्रोत साधनमा पहँच अभिबृध्दि गर्ने।
- समाजमा विद्यमान समाजिक कुरीति, बिसङ्गती तथा बिकृतिहरुको न्युनीकरण गर्ने।
- उत्पादनमुलक क्षेत्रमा ब्यबसायिकता र उद्मसिलता बिकास गरी आय आर्जन गर्ने र गरीवि न्युनिकरण गर्ने।
- रैठाने स्थानिय जातको कृषि उत्पादनलाई प्राथमिकता दिई बजारीकरण गर्ने।
- स्वास्थ्य र सरसफाई तथा शुद्ध पिउने पानी सम्बन्धि चेतनाको स्तरोन्नति गरी स्वस्थ समाज निर्माण गर्ने।
- गाउँपालिका भित्र संचालन हुने बिभिन्न कार्यक्रम तथा आयोजनाहरुमा जनसहभागिता, पारदर्शिता , जवाफदेहिता र उत्तरदायीत्व बढाई सुशासनको प्रत्याभुति गराउने।

**अपेक्षित उपलब्धिः** आर्थिक वर्ष २०७७/०७८ मा निम्नानुसारका उपलब्धिहरु हासिल हुनेछन्।

- गाउँपालिकाको सबै वडाहरुमा बाह्रै महिना गाडि चलने सक्ने गरी सडक निर्माण कार्य सुरु हुनेछ।
- गाउँपालिकाको आफ्नै प्रशासनिक भवनको निर्माण कार्य सुरु हुनेछ।
- सबै वडाको आफ्नै वडा कार्यालय भवन निर्माण कार्य सुरु हुनेछ।
- रैथाने स्थानिय जातको कृषिमा ब्यबसायिक उत्पादन सुरु हुनेछ।
- गुणस्तरीय स्वास्थ्य र शिक्षाको प्रत्याभुति हुनेछ।
- बित्तय पारदर्शिता र जवाफदेहीता प्रबर्द्धन हुनेछ।
- सार्वजनिक विद्यालयहरुको समायोजन तथा एकिकरण प्रकृया अगाडि बढ्ने।

## प्रमुख नीति तथा कार्यक्रमहरु

**समग्र नीति तथा कार्यक्रमहरुः**

- पुर्वाधार बिकासको पहुँच न्यून भएको वडाहरुमा बिशेष कार्यक्रम संचालन गरी सबै वडाहरुलाई समान स्तरमा पुर्याईनेछ।
- सुशासनको प्रत्याभुति दिई जनप्रतिनीधि र कर्मचारी प्रशासनलाई जनता प्रति जिम्मेवार बनाउन भ्रष्टाचार बिरुद्ध शुन्य सहनसिलताको नीति अवलम्बन गरीनेछ।
- सबै प्रकारको समाजिक बिकृति बिसंगति तथा कुरीतिहरुलाई दुरुत्साहन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- गत विगत आर्थिक वर्षहरुमा अंगिकार गरीएको समयानुकुल नीति तथा कार्यक्रमहरुलाई आगामी वर्षमा समेत निरन्तरता दिईनेछ।
- एकिकृत र दिगो बिकासको लागि यसै सभामा पेश गरेको आवधिक योजना अनुसार योजना तर्जुमा गरी कार्यान्वयन गरीनेछ।
- ब्यबसायिक खेती तथा पशुपालन कार्यक्रम संचालन गरी स्वरोजगारीको अवसर श्रृजना गरिनेछ।

- धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको बिकास तथा प्रबर्द्धन गरी आय आर्जन सँग जोड्ने नीति अवलम्वन गरिनेछ।
- खानेपानी, स्वास्थ्य, सरसफाई र वातावरण संरक्षणमा बिशेष जोड दिइनेछ।
- भौतिक पुर्वाधार, सामाजिक तथा आर्थिक बिकासमा विशेष जोड दिइनेछ।
- सबै वडाहरुमा बाह्रै महिना गाडी चल्न सक्ने सडक निर्माणमा जोड दिइनेछ।
- दैविक प्रकोप तथा विपदमा परेकाहरु र भुमीहिन सुकुम्बासीहरुलाई उचित ब्यबस्थापन गर्दै लगिनेछ।

## क्षेत्रगत नीति तथा आधारहरुः

सभाका सदस्य ज्यू,

अब म क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चहान्छु।

## आर्थिक बिकास सम्बन्धि नीति तथा कार्यक्रमहरु

### कृषि तथा पशु बिकासः

- भौगोलिक अवस्थिति र वातावरण अनुसार ब्यबसायिक खेतीलाई प्राथमिकता दिइनेछ।
- राष्ट्रिय तथा स्थानीय महत्वको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तुको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम संचालन गरीने छ।
- उपयुक्त भौगोलिक तथा वातावरणीय सम्भाब्यता भएको स्थानमा ५०% अनुदानमा ओखरको विरुवा रोप्ने कार्यक्रम संचालन गरीनेछ।
- स्थानीय रैथाने जातको बाली प्रबर्द्धन कार्यक्रम संचालन गरीनेछ।
- यसै आर्थिक वर्ष देखि कृषक दर्ता ब्यबस्थापन कार्यक्रम संचालन गरीनेछ साथै कृषि तथा पशुपंक्षी सम्बन्धि तथ्याङ्क अद्यबधिक गरीनेछ।
- हावापानी अनुसारको ब्यबसायिक फलफुल खेती गर्न प्रोत्साहन गरीनेछ।
- एक घर दस फलफुल विरुवा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- किवी खेतिको बिस्तरको लागी नर्सरी स्थापना गरीनेछ।
- नगदेबालीको खेतिमा अनुदानको ब्यबस्था गरीनेछ।
- ब्यबसायीक पशुपालन गर्ने कृषकलाई केहि अनुदानको ब्यबस्था मिलाईनेछ।
- बंगुर साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरीनेछ।
- कृतिम गर्भाधान संबन्धि कार्यक्रम संचालन गरीनेछ।

### सहकारीः

- बडिगाड गाउँपालिकामा संचालित सहकारी संस्थाहरुको ब्यबसायिक क्षमता विकासको लागि सहकारी प्रबर्द्धन कार्यक्रम संचालन गरीनेछ।
- सहकारी शिक्षा सम्बन्धि तालिम संचालन गरीनेछ।
- सहकारी संस्था मार्फत कृषि उत्पादन तथा कृषि उपजको खरीद बिक्री प्रकृया सम्बन्धमा जानकारी गराईनेछ।

पर्यटनः

- बडिगाड गाउँपालिकाको करुणा, चमेरे गुफा, देवी ढोका, लोङ्गा धुरी, शिवधुरी, ठुलाचौर, सिद्ध बराह ताल, नेपाने चौर, केस पोखरी, अन्धाअन्धी ताल, थानपति मन्दिर, बाझढले लेक, गराङ चौर, थामचौर जस्ता पर्यटकीय क्षेत्रको बिकास, संरक्षण तथा प्रबर्द्धनको लागि आधारभूत पुर्वाधार निर्माणमा लगानी गर्न प्रदेस तथा सँघीय सरकार सँग सहकार्य गरीनेछ। नयाँ पर्यटकीय स्थलहरुको पहिचान गरीनेछ।
- गाउँपालिका भित्रको सबै सम्भावित स्थानमा होम स्टे संचालन गर्न प्रोत्साहन गरीनेछ।
- ऐतिहासिक, पुरातात्विक स्थलहरुको संरक्षण तथा सम्बर्द्धन, प्रचार प्रसार गर्ने र आर्थिक गतिविधि संचालन गर्न प्रोत्साहन गरीनेछ।

उद्योग तथा वाणिज्यः

- घरेलु उद्योग स्थापना तथा संचालनको लागि आवश्यक पहल गरीनेछ। परम्परागत घरेलु उद्योगलाई निरन्तरता दिईनेछ।
- प्रतिस्पर्धामा छनौट भएका ब्यबासाय बिकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी श्रृजना गरीनेछ।
- प्रतिस्पर्धामा छनौट भएका ब्यबासाय बिकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमीहरुको स्तर उन्नति गरीनेछ।
- अति गरीव परिवारको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुबिधा केन्द्र स्थापना गरीनेछ।
- सम्भाब्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गरीनेछ।

## समाजिक बिकास सम्बन्धि नीति तथा कार्यक्रम

आधारभुत तथा माध्यमिक शिक्षाः

- सामुदायिक विद्यालयको शिक्षक कर्मचारीहरुको दरबन्दी मिलान, विद्यालय समयोजन तथा एकिकरण गर्ने कार्य अगाडि बढाईनेछ।
- सामुदायीक विद्यालयहरुको शैक्षिक, भौतिक पुर्बाधार निर्माण, मर्मत सम्भार र ब्यबस्थापनमा जोड दिईनेछ।
- तोकिएको लक्षित वर्गका छात्र छात्राहरुको लागि दिवा खाजाको ब्यबस्था गरीनेछ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदानको ब्यबस्था मिलाईनेछ।
- शैक्षिक पहुँच सुनिस्चिस्तता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम संचालन गरीनेछ।
- कक्षा ६-१२मा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याडको ब्यबस्था तथा आवाशीय एवं गैरआवाशीय विद्यार्थिहरुको लागि छात्राबृत्तिको ब्यबस्था मिलाईनेछ।
- आधारभुत तहको परीक्षा लाई मर्यादित बनाउन परीक्षा संचालन, अनुगमन कार्यलाई ब्यबस्थित बनाईनेछ।

- शिक्षकहरुको पेशागत क्षमता बिकासको लागि तालिमको ब्यबस्था मिलाईनेछ।
- बडिगाड गाउँपालिका भित्र बिभिन्न अतिरिक्त क्रियाकलाप संचालन गरीनेछ।
- गाउँपालिका र विद्यालय ब्यबस्थापन समिति तथा प्र.अ. विच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।
- उत्कृष्ट सिकाई उपलब्धि हासिल गर्ने लगायत निश्चित मापदणडको आधारमा उत्कृत विद्यालयलाई पुरस्कृत गरीनेछ।
- गरीव, जेहेन्दार, असहाय विपन्न विद्यार्थीहरुलाई छात्राबृत्तिको ब्यबस्था गरीनेछ।
- गाउँ कार्यपालिकाको कार्यालयबाट अनुमति लिएर मात्र कोचिङ्ग सेन्टर तथा ट्युसन सेन्टर संचालन गर्न पाउने ब्यबस्था मिलाईनेछ।

**गैर सरकारी संघ संस्था परिचालन तथा समन्वयः**

- बडिगाड गाउँपालिका भित्र काम गर्ने विभिन्न गैर सरकारी संघ संस्थाहरु सँग सहकार्यमा कार्यक्रम संचालन गर्ने, कार्यक्रम संचालन गर्ने सँघ सँस्थाहरुले अनिवार्यरुपमा गाउँपालिकामा कार्यक्रम पेश गरी स्वीकृति लिने र कार्य सम्पन्न भए पछि कार्य सम्पादन प्रतिबेदन पेश गर्नु पर्ने ब्यबस्था गरीनेछ।
- गाउँपालिकाको अनुमति नलिई कार्यक्रम संचालन गर्ने सँघ सँस्थाहरुलाई प्रतिबन्ध लगाउने ब्यबस्था गरीनेछ।
- **आधारभुत स्वास्थ्य र सरसफाईः**
- नागरीकलाई स्वस्थ बनाउन स्वास्थ्यको क्षेत्रमा लगानी अभिबृद्धि गरीनेछ।
- गाउँपालिकाको सबैजसो क्षेत्रमा गुणस्तरीय र सुपथ मुल्यमा औषधीको उपलब्धता नभएको तितो यथार्थलाई मध्यनजर गरी सात वटा स्वास्थ्यचौकीहरुमा आफ्नै फार्मेसी स्थापना गरी संचालनमा ल्याईनेछ। फार्मेसी संचालनकोलागि बिउ पुँजिको ब्यबस्था गरीनेछ। यस कार्यक्रमको प्रभावकारीतालाई मूल्याङ्कन गरी अन्य स्वास्थ्य संस्थाहरुमा समेत विस्तार गर्ने नीति लिईनेछ।
- स्वास्थ्य संस्था नभएको वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गरीनेछ।
- मातृमृत्युदर,नवजात शिशु मृत्युदर, बालमृत्यु दर घटाई औषत आयु बढाउन स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रबर्दधनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक सेवाहरुलाई समेटेर स्वास्थ्य कार्यक्रम संचालन गरीनेछ।
- बाह्य खोप केन्द्रबाट संचालन गरिने खोप सेवालाई गुणस्तरीय बनाउन बाह्य खोप केन्द्रलाई ब्यबस्थित बनाईनेछ।
- बडिगाड गाउँपालिकामा ब्यापकरुपमा फैलिएको क्षयरोग नियन्त्रणको लागि बिशेष कार्यक्रम संचालन गरीनेछ।
- एकिकृत महिला तथा प्रजनन् स्वास्थ्य कार्यक्रम संचालन गरीनेछ।
- एकिकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन गरीनेछ।
- कोभिड-१९ लागायत महामारी रोग नियन्त्रण कार्यक्रम संचालन गरीनेछ।
- महिला स्वास्थ्य स्वंसेविकाहरुको लागि प्रोत्साहन कार्यक्रम संचालन गरीनेछ।

- बर्थिङ्ग सेन्टरको लागि आवश्यक भौतिक सामग्री ब्यबस्था गरीनेछ।

**भाषा, संस्कृति प्रबर्द्धनः**

- बडिगाड गाउँपालिका भित्र रहेको कला, सँस्कृति, नाच, जात्राहरुलाई संरक्षण गरीनेछ।
- मगर बाहुल्य विद्यालयहरुमा मगर भाषा कक्षा संचालन गरीनेछ।
- धर्मिक, ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक महत्वका क्षेत्रहरुको संरक्षण सम्बर्द्धन मा स्थानीय समुदायको अपनत्व कायम गर्दै स्थानिय समुदायको आयआर्जन सँग जोड्ने नीति बनाईनेछ।

**लैङ्गिक समानता तथा समाजिक समाबेसीकरणः**

- महिला, बालबालिका, अपाङ्गता भएको ब्यात्ति, जेष्ठ नागरीक, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्याङ्क संकलन तथा खद्याबाधिक गरिनेछ।
- समाजमा रहेको कुरीति, कुप्रथा, लैंगिक हिंसा, मानव बेचबिखान तथा ओसार पसार विरुद्ध सचेतनात्मक कार्यक्रम संचालन गरीनेछ।
- महिला बिकास कार्यक्रम द्वारा प्रवर्दित महिला सहकारी संस्थाहरुको सुदृधिकरण एवं स्थानिय तहको महिला उद्यमी संचाल स्थापनाको लागि सहजिकरण गरीनेछ।

**खेलकुदः**

- खेलकुद बिकासको लागि पुर्वाधार निर्माण कार्यलाई अगाडि बढाईनेछ।
- बडिगाड गाउँपालिका वडा नं.६ छिसफाँटमा कबर्ड हल निर्माणको लागी आवश्यक पहल गरीनेछ।

**समाजिक सुरक्षाः**

- सामाजिक सुरक्षा सूचना ब्यबस्थापन प्रणालीलाई ब्यबस्थित गरीनेछ।
- सामाजिक सुरक्षा भत्ता बितरण प्रणालीलाई सरलीकरण गरीनेछ।
- गाउँपालिकाको कार्यालयबाट प्रदान गरीने सेवामा जेष्ठनागरीक, अपाङ्गता भएका ब्यात्तिहरु, गर्भवती सुत्केरी महिलाहरुलाई अग्राधिकार दिईनेछ।

**युवा , रोजगार तथा गरीवि निवारणः**

- गाउँ कार्यपालिकाको कार्यालयमा रहेको रोजगार सेवा केन्द्रको सुदृढीकरण गरीनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विपन्न श्रमिकहरुको लागि रोजगारीको ब्यबस्था मिलाईनेछ।

## तथा भौतिक बिकास सम्बन्धि नीति तथा कार्यक्रमहरु

**उर्जा, साना जलविद्युत तथा बैकल्पिक उर्जाः**

- बडिगाड गाउँपालिकाको सबै वडाहरुमा केन्द्रिय प्रशारण लाईनको विद्युत जडानको लागी सम्बन्धित निकाय सँग समन्वय र सहकार्य गरीनेछ।
- हाल संचालनमा रहेको लघु जलविद्युत आयोजनाहरुको ब्यबस्थापनलाई नियमन गरीनेछ। मर्मत तथा सम्भारको लागि प्रदेश सरकार सँग समन्वय गरीनेछ।

- सौर्य उर्जा, बायोग्यास र बायोमास जडान सम्बन्धि कार्यक्रम संचालन गरीनेछ।

**सडक, भवन, खानेपानी तथा शहरी बिकाशः**

- बडिगाड गाउँपालिकाको मुख्य बस्तीहरुलाई जोड्ने सडकहरुलाई गौरवको आयोजनामा समाबेस गरी सडकको स्तर उन्नति गरीनेछ।
- सडकको नयाँ ट्रयाक खोल्ने कार्यलाई न्युनिकरण गरीनेछ। नयाँ सडक निर्माण गर्नु पर्ने अवस्थामा सडकको पहुँच नपुगेको बस्तिलाई प्राथमिकता दिईनेछ।
- बडिगाड बृहत खानेपानी योजना संचालनको लागि सँघीय सरकार र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरीनेछ।
- साना खानेपानी योजना संचालनको लागि गैर सरकारी संस्थाहरु सँग साझेदारी, समन्वय र सहकार्य गरीनेछ।
- गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुको भवन निर्माण कार्य अगाडी बढाईनेछ।
- गाउँपालिका भित्र थप झोलुङ्गे पुल निर्माण तथा सर्भे गर्ने कार्य अगाडि बढाईनेछ

## वन, वातावरण तथा विपद ब्यबस्थापन सम्बन्धि नीति तथा कार्यक्रमः

**प्राकृतिक श्रोत, खानी तथा खनीज पदर्थको संरक्षणः**

- बडिगाड गाउँपालिकाको विभिन्न क्षेत्रमा रहेको तामा, फलाम, ढुङ्गा लागयतको खानी उत्खनन्को लागि संघीय सरकार र प्रदेश सरकार सँग समन्वय गरीनेछ।

**जलउत्पन्न प्रकोप नियन्त्रण तथा विपद ब्यबस्थापनः**

- बाडिगाड गाउँपालिकाको बडिगाड खोला, दरमखोला लागयत विभिन्न स्थानमा नदी नियन्त्रणको लागि सँघीय सरकार र प्रदेश सरकार सँगको समन्वय र सहकार्यमा काम गरीनेछ।

## संस्थागत बिकास , सेवा प्रवाह र सुशासन सम्बन्धि नीति तथा कार्यक्रमहरुः

**संस्थगत क्षमता बिकासः**

- जनप्रतिनीधि र कर्मचारीहरुको क्षमता बिकास सम्बन्धि कार्यक्रम संचालन गरीनेछ।
- ब्याक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा ब्यबस्थापन सूचना प्रणालिलाई ब्यबस्थित गरीनेछ
- हाल रजिष्टरमा कायम रहेको ब्याक्तिगत घटना दर्ता किताबहरुलाई डिजिटाईज गरीनेछ।
- ब्याक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर संचालन गरीनेछ।

**राजस्व परिचालन, श्रोत अभिबृद्धि र ब्यबस्थापनः**

- राजस्व संकलन कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयनका साथै राजस्व सम्बन्धि नीति कार्यक्रम तर्जुमा गर्न आगामी आ.व. देखि राजस्व शाखाको गठन गरीनेछ।
- वडा कार्यालयहरुबाट संकलन हुने राजस्वलाई ब्यबस्थित बनाउदै लगिनेछ।

**वित्तीय व्यबस्थापन/ वित्तीय जोखिम न्युनीकरण तथा पार्दशिता र सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण तथा लेखापरीक्षणः**

- भ्रष्टाचार सुन्य सहन सिलताको नीति अवलम्बन गरीएकोछ।

- वित्तीय ब्यबस्थापनलाई पारदर्शि बनाईनेछ।
- उपभोक्ता समिति / सँघ संस्था/ ठेकेदारबाट हुने कामको साथै गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट संचालन हुने काम वित्तिय जोखिम न्युनिकरण गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण तथा लेखा परीक्षणको ब्यबस्था मिलाईएको छ।
- गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा नागरीक वडा पत्रको ब्यबस्था गरीनेछ।

**नागरिक सन्तुष्टी सर्वेक्षणः**

- बडिगाड गाउँ कार्यपालिकाको कार्यालयको आधिकारी वेप पेजबाट कार्यालयले प्रदान गरेको सेवा प्रति नगरीक सन्तुष्टी सर्वेक्षण सुरु गरीएको छ।
- गाउँ कार्यपालिकाको कार्यालय र बडा कार्यालयहरुमा गुनासो सुनुवाईको ब्यबस्था मिलाईनेछ।

## <u>अन्यक्षेत्रगत नीति तथा कार्यक्रमहरुः</u>

**न्यायिक समितिको क्षमता बिकास र मध्यस्थता ब्यबस्थापनः**

- न्याय समितिले सम्पादन गर्ने कार्यलाई ब्यबस्थित बनाउँदै लगिनेछ।

**स्थानीय बजार ब्यबस्थापनः**

- बजारमा गुणस्तरीय सामन आपुर्तिको नियमन गर्न बजार अनुगमन गर्ने ब्यबस्था मिलाईनेछ।
- गुणस्तरहिन अखाद्य बस्तुको प्रयोगबाट जनस्वास्थयमा पर्ने असरको विषयमा प्रचार प्रसार गरीनेछ।

**उपभोक्ता समितिको परिचालन तथा अनुगमनः**

- उपभोक्ता समितिबाट हुने निर्माण तथा खरीद कार्यमा वित्तीय जोखिम न्युनीकरण गर्न, कामको गुणस्तर कायम गर्न अनुगमन कार्यलाई ब्यबस्थित बनाईनेछ।
- उपभोक्ता समिति गठन गर्दा समाबेसी सहभागितालाई समेत ध्यान दिईनेछ।

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको कार्यान्वियनबाट बडिगाड वासी जनताहरुको आधारभूत आवश्यकताहरु सुनिश्चित हुँदै जाने विश्वास लिएको छु। बडिगाड वासी जनताहरुको जिवनस्तरमा सकरात्मक सुधारको सुरुवात हुने आसा लिएको छु। सार्वजनिक सेवाको गुणस्तर अभिबृद्धि हुने, सामाजिक क्षेत्रमा सकरात्मक सुधार हुने अपेक्षा राखेको छु।

अन्तमा यो नीति तथा कार्यक्रम कार्यान्वियनमा सबै पक्षको सहयोग रहने आसा समेत गरेको छु। नीति तथा कार्यक्रमको तयारीको क्रममा रचनात्मक सल्लाह र सुझाव उपलब्ध गराउनु हुने सम्पुर्ण महानुभाव प्रति कृतज्ञता प्रकट गर्दछु। सहयोग गर्ने जनप्रतिनीधि तथा कर्मचारीहरुमा धन्यबाद ज्ञापन गर्दछु।

**धन्यबाद**

**जय बडिगाड**

# आर्थिक वर्ष२०७७/७८को
# बजेट तथा वार्षिक कार्यक्रम

बडिगाड गाउँपालिका
बागलुङ जिल्ला
गण्डकी प्रदेश, नेपाल
२०७७

बडिगाड गाउँपालिकाको सातौं गाउँ सभामा २०७७ आषाढ १० गतेका दिन
गाउँपालिका उपाध्यक्ष श्री अम्मर बहादुर श्रीस द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम

बडिगाड गाउँपालिका
ग्वालिचौर बागलुङ
२०७७

**आदरणिय गाउँसभा अध्यक्ष ज्यू**

**सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरु,**

सम्मानित सातौ गाउँ सभा समक्ष बडिगाड गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को लगि वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरव महसुस गरेको छु।

केन्द्रिकृत,एकात्मक, निरंकुश, सामन्ति, तानाशाही शासन ब्यबस्थाको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रात्मक समाजबाद उन्मुख शासन ब्यबस्था स्थापना गर्न तथा राष्ट्रियता, स्वाधिनता र सार्वभौमिकताको रक्षाका लागी भएका आन्दोलनमा जीवन आहुति गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदरु प्रति भावपुर्ण श्रदान्जली अर्पण गर्दछु। साथै शहिद, बेपत्ता तथा घाईते परिवार प्रति उच्च सम्मान ब्यात्त गर्दछु।

विश्वभर महामारीको रुपमा फैलिएको नोभेल कोरोना भाईरस (कोभिड-१९) रोगले हामी बाडिगाड वासीहरुलाई समेत अछुतो रहन दिएन। बडिगाड वासी दाजु भाई दिदी बहिनीहरुलाई कोभिड- १९ रोगबाट जोगाई राख्न जनप्रतिनीधिहरु, स्वास्थ्य कर्मीहरु, कर्मचारी, राजनीति कर्मीहरु, शिक्षकहरु, सुरक्षा कर्मी, बुद्धिजिबी, समाजसेबीहरुले आफ्नो ज्यानको प्रबाह नगरी अहोरात्र खटिनुका सथै आर्थिक, भौतिक, नैतिक सहयोग गर्नु भएको छ उहाँहरु लाई हार्दिक धन्यबाद दिन चहान्छु।

भौगोलिकरुपमा अति दुर्गम, विकास निर्माणले नछोएको तर प्राकृतिक श्रोत, साँस्कृतिक, धार्मिक विविधताले भरीपुर्ण बडिगाड गाउपालिकाले श्रोतको अधिकतम प्रयोग गर्न सकेमा नमुना गाउँपालिकाकोरुपमा विकास गर्न लामो यात्रा पार गर्नु पर्ने देखिदैन। दुर्गम क्षेत्रमा रहेको जनताहरुलाई समेत शिक्षा, स्वास्थ्य लगायत जनजिबिकाको हरेक क्षेत्रमा समान अवर श्रृजना गर्दै दुर्गम क्षेत्रको बिकास निर्माणलाई प्रथमिकता दिने, सबै प्रकारको बिभेद, बन्चितीकरण र असमानताको अन्त्य गर्दै सामाजिक विकृति र विसंगतिको अन्त्य गर्दै समोन्नत, सभ्य र बिकास उन्मुख गाउँपालिका निर्माण गर्न हामी सबैले आ-आफ्नो ठाउबाट योगदान गर्न आवश्यक छ।

बिकास निर्माण हामी आफ्नै हो र हाम्रो लगि हो भन्ने भावना जागृत गरी बिकास निर्माणमा दिगोपना ल्याउन सहभागितात्मक योजना छनौट पद्दति अवलम्वन गरी निर्माण कार्यमा लागत सहभागितालाई जोड दिई स्थानिय जनताहरुको रोजगारी श्रृजना हुने, प्रत्यक्ष आय आर्जन बृद्धि हुने, स्थानिय श्रोत, शिप र साधनको उपयोग हुने आयोजनाहरुलाई प्राथमिकता दिने गरी आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गरेको छु

**अव म चालु आ.व. ०७६/०७७ को समिक्षा गर्न चहान्छु।**

चालु आ.व. ०७६/०७७ मा संचालन हुने गरी निर्णय भएका योजनाहरुको निर्माण कार्य संचालन भईरहेको अवस्थामा विश्व भर महामारीको रुपमा फैलिएको नोभेल कोरोना भाईरस (कोभिड-१९) रोगको नियन्त्रण तथा रोकथामको लागि जारी गरीएको बन्दाबन्दीको कारण केहि असहज परिस्थिति श्रृजना भएको भए पनि आर्थिक वर्ष सुरु भएको लगत्तै योजना सम्झौता गरी निर्माण कार्यलाई अगाडि बढाईएकोले अधिकांस योजना तथा कार्यक्रमहरु सम्पन्न भईसकेका छन भने सम्झौता भईसकेका योजना तथा कार्यक्रमहरु आर्थिक वर्षको अन्त सम्म सम्पन्न हुने स्थितिमा रहेका छन। क्वारेन्टाईनको ब्यबस्थापन, ब्यात्तिगत सुरक्षा सामग्रीको ब्यबस्थापन तथा औषधिको ब्यबस्थापनको लागि सम्झौता नभएका, कार्यक्रम सुरु नभएका योजना तथा कार्यक्रमको रकम रकमान्तर गरी ब्यबस्थापन गरीएको छ।

स्थानीय पुर्वाधार साझेदारी बिकास कार्यक्रम, प्रदेश सरकारबाट संचालित कार्यक्रमहरु हाल निर्माणको क्रममा रहेको र निर्धारित समयमै सम्पन्न हुने देखिन्छ। गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न ठेक्काको लागि बोलपत्र आह्वान गरीएकोमा रु. पाच करोड अठार लाखमा निर्माण कार्य सम्पन्न हुने गरी माउण्ट कबिन्द्र जे.भि.सँग सम्झौता भएको र यस वर्ष प्रदेश सरकारको एक करोड रुपैयाँ, संघिय सरकारको सम्पुरक अनुदान

बैसठ्ठी लाख र बडिगाड गाउँपालिकाको एक करोड रुपैयाँ गरी जम्मा रु. दुई करोड बैसठ्ठी लाख  खर्च गर्ने गरी रकम ब्यबस्था गरीएकोमा कोभिड-१९ रोग नियन्त्रणको लागि जारी गरीएको बन्दाबन्दीको कारण निर्माण कार्य अगाडि बढाउन सकिएको छैन। यस कार्यालयको आर्थिक सहयोग र नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा बडा नं. १ ,९ र १०मा खानेपानी योजना सम्पन्न गरीएको छ।

**सभाको अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,** आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेटबाट  निम्न उद्देश्य प्राप्ति हुनेछ।

- बिकासको पुर्वाधारहरुको  बिस्तार र पहुँच बस्तीस्तर सम्म बृद्धि गरी बिकासको अवसरलाई सबै बडिगाड बासीहरुले उपयोग गर्ने अवस्था श्रृजना गर्ने।
- समाबेसी र समन्यायीक बिकासको अवधारणा मार्फत गाउँपालिका भित्रका सबै वर्ग, लिङ्ग, जातजाति, सम्प्रादायको सार्वजनिक श्रोत साधनमा पहँच अभिबृध्दि गर्ने।
- समाजमा विद्यमान समाजिक कुरीति, बिसङ्गती तथा बिकृतिहरुको न्युनिकरण गर्ने।
- उत्पादनमुलक क्षेत्रमा ब्यबसायीकता र उद्मसिलता बिकास गरी आय आर्जन गर्ने र गरीवि न्युनिकरण गर्ने।
- रैठाने स्थानिय जातको कृषि  उत्पादनलाई प्राथमिकता दिई बजारीकरण गर्ने।
- स्वास्थ्य र सरसफाई तथा शुद्ध पिउने पानी  सम्बन्धि  चेतनाको स्तरोन्नति गरी स्वस्थ समाज निर्माण गर्ने।
- गाउँपालिका भित्र संचालन हुने बिभिन्न कार्यक्रम तथा आयोजनाहरुमा जनसहभागिता, पारदर्शिता , जवाफदेहिता र उत्तरदायीत्व बढाई  सुशासनको प्रत्याभुति गराउने।

आदरणीय सभाध्यक्ष ज्यू,

अब म क्षेत्रगतरुपमा आगामी वर्षको बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चहान्छु।

## आर्थिक बिकास

**कृषि तथा पशु बिकासः**

- भौगोलिक अबस्थिति र वातावरण अनुसार ब्यबसायीक खेतिको लागि बजेट ब्यबस्था गरेको छु ।
- राष्ट्रिय तथा स्थानिय महत्वको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने बाली बस्तुको साना ब्यबसायीक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम संचालन गर्न बजेटको ब्यबस्था मिलाएको छु।
- उपयुक्त भौगोलिक तथा वातावरणीय सम्भाब्यता भएको स्थानमा ५०% अनुदानमा ओखरको विरुवा रोप्ने कार्यक्रम, स्थानिय रैथाने जातको बाली प्रबर्द्धन कार्यक्रम, ब्यबसायीक पशुपालन गर्ने कृषकलाई केहि अनुदानदिने, बंगुर साना ब्यबसायीक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रमको लागि बजेटको ब्यबस्था मिलाएकोछु।
- **सहकारीः**
- बडिगाड गाउँपालिकामा संचालित सहकारी संस्थाहरुको ब्यबसायीक क्षमता बिकासको लागि सहकारी प्रबर्द्धन कार्यक्रम संचालन, सहकारी शिक्षा सम्बन्धि तालिमको ब्यबस्था  गरीनेछ।
- **उद्योग तथा वाणिज्यः**
- घरेलु उद्योग स्थापना तथा संचालनको लागि आवश्यक पहल गरीनेछ। परम्परागत घरेलु उद्योगलाई निरन्तरता दिन बजेटको ब्यबस्था मिलाएको छु।
- प्रतिस्पर्धामा छनौट भएका ब्यबासाय बिकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी श्रृजना गर्ने, उद्यमीहरुको स्तर उन्नति गर्ने, अति गरीव परिवारको लागि कम्तिमा १० जनाको

लागि हुने गरी साझा सुबिधा केन्द्र स्थापना र  सम्भाब्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गर्ने कार्यको लागि बजेटको ब्यबस्था मिलाईएको छ।

## समाजिक बिकास

**आधारभुत तथा माध्यमिक शिक्षाः**

- सामुदायीक विद्यालयहरुको शैक्षिक, भौतिक पुर्बाधार निर्माण, मर्मत सम्भार र ब्यबस्थापनमा जोड दिईनेछ।
- तोकिएको लक्षित वर्गका छात्र छात्राहरुको लागि दिवा खाजाको ब्यबस्था गरीनेछ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदानको ब्यबस्था मिलाईनेछ।
- शैक्षिक पहुँच सुनिस्चिस्तता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम संचालन गरीनेछ।
- कक्षा ६-१२मा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याडको ब्यबस्था तथा आवाशिय एवं गैरआवाशिय विद्यार्थिहरुको लागि छात्राबृत्तिको ब्यबस्था मिलाईनेछ।
- आधारभुत तहको परीक्षा लाई मर्यादित बनाउन परीक्षा संचालन, अनुगमन कार्यलाई ब्यबस्थित बनाईनेछ।

**गैर सरकारी संघ संस्था परिचालन तथा समन्वयः**

- बडिगाड गाउँपालिका भित्र काम गर्ने विभिन्न गैर सरकारी संघ संस्थाहरु सँग सहकार्यमा कार्यक्रम संचालन गर्ने, कार्यक्रम संचालन गर्ने सँघ सँस्थाहरुले अनिवार्यरुपमा गाउँपालिकामा कार्यक्रम पेश गरी स्वीकृति लिने र कार्य सम्पन्न भए पछि कार्य सम्पादन प्रतिबेदन पेश गर्नु पर्ने ब्यबस्था गरीनेछ। गाउँपालिका सँग लागत साझेदारीमा काम गर्न चहाने गैर सरकारी संस्थाहरु सँग लागत साझेदारीको लागी रकमको ब्यास्था मिलाएको छु।

**आधारभुत स्वास्थ्य र सरसफाईः**

- गाउँपालिकाको सबैजसो क्षेत्रमा गुणस्तरीय र सुपथ मुल्यमा औषधीको उपलब्धता नभएको तितो यथार्थलाई मध्यनजर गरी सात वटा स्वास्थ्यचौकीहरुमा आफ्नै फार्मेसी स्थापना गरी संचालनमा ल्याईनेछ। फार्मेसी संचालनकोलागि बिउ पुँजिको ब्यबस्था मिलाएको छु। फार्मेसीको प्रभावकारी अनुगमन तथा वित्तिय जोखिम न्युनिकरणको लागि सफ्वयेर जडान गरीनेछ।
- स्वास्थ्य संस्था नभएको वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन, मातृमृत्युदर,नवजात शिशु मृत्युदर, बालमृत्यु दर घटाई औषत आयु बढाउन स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रबर्दधनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक सेवाहरुलाई समेटेर स्वास्थ्य कार्यक्रम संचालनको लागि बजेट ब्यबस्था मिलाईएको छ।
- बाह्य खोप केन्द्रबाट संचालन गरीने खोप सेवालाई गुणस्तरीय बनाउन बाह्य खोप केन्द्रलाई ब्यबस्थित गर्न र बडिगाड गाउँपालिकामा ब्यापकरुपमा फैलिएको क्षयरोग नियन्त्रणको लागि बिशेष कार्यक्रम संचालन गर्न बजेटको ब्यबस्था मिलाईएको छ।।

**लैङ्गिक समानता तथा समाजिक समाबेसीकरणः**

- महिला,  बालबालिका, अपाङ्गता भएको ब्याक्ति, जेष्ठ नागरीक, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्याङ्क संकलन तथा खद्याबाधिक गर्न, समाजमा रहेको कुरीति, कुप्रथा, लैंगिक हिंसा, मानव बेचबिखान तथा ओसार पसार विरुद्ध सचेतनात्मक कार्यक्रम संचालन गर्ने ब्यबस्था गरीएको छ।

**समाजिक सुरक्षाः**

- सामाजिक सुरक्षा सूचना ब्यबस्थापन प्रणालीलाई ब्यबस्थित गर्ने बजेटको ब्यबस्था मिलाएको छु।

**युवा , रोजगार तथा गरीवि निवारणः**

- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विपन्न श्रमिकहरुको लागि रोजगारीको ब्यबस्था मिलाउने र रोजगार सेवा केन्द्रको सुदृढीकरण गरीनेछ ।

## पुर्वाधार तथा भौतिक निर्माण

**उर्जा, साना जलविद्युत तथा बैकल्पिक उर्जाः**

- सौर्य उर्जा, बायोग्यास र बायोमास जडान सम्बन्धि कार्यक्रम संचालन गरीनेछ।

**सडक, भवन, खानेपानी तथा शहरी बिकाशः**

- बडिगाड गाउँपालिकाको मुख्य बस्तीहरुलाई जोड्ने सडकहरुलाई गौरवको आयोजनामा समाबेस गरी सडकको स्तर उन्नति गर्न रु. दुई करोड विनियोजन गरेको छु। जसको विस्तृत विवरण अनुसूचिमा संलग्न छ।
- सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई न्युनिकरण गरीनेछ। चलिरहेको सडकलाई मर्मत गर्ने ब्यबस्था मिलाएको छु।
- गाउँ कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन निर्माणको लागि रु. दुई करोड विनियोजन गरेको छु। वडा कार्यालयहरुको आफ्नै भवन नहुँदा प्रत्यक वर्ष लाखौ रुपैयाँ घरभाडामा खर्च गर्नु पर्ने बाध्यता रहेकोले वडा कार्यालय भवन निर्माणका लागि रु. एक करोड असि लाख विनियोजन गरेको छु। भवन निर्माणमा अपुग रकम आगामी आ.व. मा समेत ब्यबस्था मिलाईदै जानेछ।

## संस्थागत बिकास , सेवा प्रवाह र सुशासन

**संस्थगत क्षमता बिकासः**

- ब्यात्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा ब्यबस्थापन सूचना प्रणालिलाई ब्यबस्थित गर्न र ब्यात्तिगत घटना दर्ता किताबहरुलाई डिजिटाईज गर्ने ब्यबस्था मिलाईएको छ।

**राजस्व परिचालन, श्रोत अभिबृद्धि र ब्यबस्थापनः**

- राजस्व संकलन कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयनका साथै राजस्व सम्बन्धि नीति कार्यक्रम तर्जुमा गर्न आगामी आ.व. देखि राजस्व शाखाको गठन गरीनेछ। करको दायरा बृद्धि गरीएको छ। बिगत लामो समयदेखि संचालनमा रहि हाल सम्म दर्ता नभएका ब्यबसायीक फर्महरु आगामि वर्ष दर्ता हुन आएमा जरीवाना मिनाहा गरीने ब्यबस्था मिलाएको छु।

**वित्तिय व्यबस्थापन/ वित्तिय जोखिम न्युनीकरण तथा पार्दशिता र सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षणः**

- भ्रष्टाचार सुन्य सहन शिलताको नीति अवलम्बन गरीएकोछ। वित्तिय ब्यबस्थापनलाई पारदर्शि बनाईनेछ।उपभोक्ता समिति / सँघ संस्था/ ठेकेदारबाट हुने कामको साथै गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट संचालन हुने काममा वित्तिय जोखिम न्युनिकरण गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षणको ब्यबस्था मिलाईएको छ।

सभाध्यक्ष एवं सदस्य ज्यूहरु

अव म वार्षिक वजेटको विवरण पेश गर्ने अनुमति चहान्छु।

बाडिगाड गाउँपालिकाको नीति कार्यक्रमलाई सफल कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०७७/०७८ मा आय तर्फ आन्तरीक राजस्व बाट रु.१२५०००००/-, नेपाल सरकारको राजस्व बाँडफाँडबाट रु.९०१६३७४८/, प्रदेश सरकारको राजस्व बाँडफाँडबाट रु.४६२९०००/-, नगद मौज्दातबाट रु.१५००००००/-, अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सँघीय सरकारको वित्तीय सम्मानीकरण अनुदान रु.११०४०००००/-, प्रदेश सारकारबाट प्राप्त हुने वित्तीय सम्मानीकरण अनुदान रु.१२३७७०००/-, सँघीय सरकारको ससर्त अनुदान रु.२७०२०००००/-, प्रदेश सारकारबाट प्राप्त हुने ससर्त अनुदान रु.१५००००००/- गरी कुल जम्मा रु.५३०२६९७४८/- आय प्रस्ताव गरेको छु। यसै गरी ब्यय तर्फ चालु खर्च तर्फ रु.८७५०००००/-, ससर्त तर्फ रु.२८५२०००००/- ,पुँजिगत खर्च तर्फ रु.१५७५६९७४८/- गरी जम्मा रु.५३०२६९७४८/ खर्च प्रस्ताव पेश गरेको छु। जसको विस्तृत विवरण अनुसूचिमा ब्यबस्था गरी संलग्न गरेको छु।

आर्थिक वर्ष २०७५/७६ को यथार्थ आम्दानी खर्च विवरण, आ.व. २०७६/०७७ संसोधित अनुमान र २०७७ जेष्ठ महिना सम्मको यथार्थ आम्दानी खर्च विवरण, आ.व.२०७७/०७८ को अनुमानित अम्दानी खर्च विवरणको साथै मध्यकालिन खर्च संरचनाको विवरण, आर्थिक विधेयक २०७७ र विनियोजन विधेयक २०७७ यसै साथ संलग्न गरी पेश गरेको छु।

गाउँपालिकाको बजेट तयारीको विभिन्न चरणमा मार्गनिर्देशन गर्नु हुने गाउँपालिकाको अध्यक्ष ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, कार्यपालिकाको सदस्य ज्यूहरु, गाउँ सभाको सदस्य ज्यूहरु, विषयगत समितिको संयोजक तथा सदस्य ज्यूहरु, कर्मचारीहरु प्रति हार्दिक आभार ब्यात्त गर्न चहान्छु।

अन्तमा बजेट कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग हुने विश्वास लिंदै बजेट कार्यान्वयनका लागि सबै पक्षबाट सहयोगको अपेक्षा सहित बिदा हुने अनुमति चहान्छु

धन्यबाद

जय बडिगाढ